# भरतपुर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन
बागमती प्रदेश, नेपाल

प.सं:२०८३/८४
च.नं:
Email: bmceducationsection@gmail.com


**छात्रावास सञ्चालकले कागजात पेश गर्ने सम्बन्धी जरूरी सूचना**

**( प्रकाशित मिति: २०८३/०४/११ गते )**

मिति २०८३।०४।०९ गते प्रमुख जिल्ला अधिकारी श्री गणेश अर्यालज्यूको अध्यक्षतामा बसेको छात्रावास सञ्चालकहरूसँगको बैठकबाट **"दर्ता नभएका सबै होस्टलहरूलाई १५ दिनभित्र आ-आफ्नो पालिकामा दर्ता गर्न निर्देशन गर्ने र पालिकामा दर्ता नहुने होस्टल व्यवसाय संचालन गर्न नपाउने"** भन्ने निर्णय गरे बमोजिम भरतपुर महानगरपालिका क्षेत्रभित्रका सम्पूर्ण छात्रावासहरूको अभिलेख अद्यावधिक, नियमन तथा छात्रावास सञ्चालनलाई व्यवस्थित र प्रभावकारी बनाउन महानगरपालिका क्षेत्रभित्र व्यवसाय दर्ताभई वा दर्ता प्रक्रियामा रही सञ्चालनमा रहेका तथा दर्ता नगरी सञ्चालन गरिएका सबै छात्रावासका सञ्चालकहरूले आ-आफ्नो छात्रावाससँग सम्बन्धित देहाय बमोजिमका कागजातहरू यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र भरतपुर महानगरपालिका, शैक्षिक प्रशासन महाशाखामा अनिवार्यरूपमा पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। निर्धारित अवधि भित्र कागजातहरू पेश नगर्ने छात्रावासहरूको हकमा प्रचलित कानून बमोजिम कारबाही प्रक्रिया अगाडि बढाइने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीका लागि अनुरोध गरिन्छ।

**पेश गर्नुपर्ने कागजातहरू:**

१. संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि,
२. दर्ता प्रक्रियामा रहेको भए सो सँग सम्बन्धित कागजातहरूको प्रतिलिपि,
३. सञ्चालकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि,
४. व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपि र करचुक्ताको प्रतिलिपि,
५. घर भाडा सम्झौताको प्रतिलिपि,
६. जग्गा धनी प्रमाणपुर्जाको प्रतिलिपि,
७. छात्रावासको कुल सिट संख्या र हाल बसोबास गर्ने विद्यार्थीहरूको विवरण (Occupy Status),
८. सम्पर्क व्यक्ति, मोबाइल नम्बर तथा इमेल ठेगाना,
९. संस्थाले लिने शुल्क सम्बन्धी विवरण।

**भरतपुर महानगरपालिका**
**शैक्षिक प्रशासन महाशाखा**


056-520167, 521467, 530062, 526951, 522252, 525771 Fax: 056-520014
E-mail: bmc@ntc.net.np / Website: bharatpurmun.gov.np
(मन्त्रि परिषद्‌बाट महानगरपालिका घोषणा मिति फाल्गुन २७, २०७३)